# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. २०७८/०७९ (शिक्षा)
च.नं. २९६

फोन नं. ०१-४३१५७६६
मिति : २०७९.०२.१७

विषयः- **सूचकको अवस्था एकिन गरी पठाउने बारे ।**

श्री सबै विद्यालयहरु
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

उपरोक्त सम्बन्धमा तपसिल अनुसारका सूचकहरुको त्यस विद्यालयको सेवाक्षेत्र र विद्यालयमा बालबालिकाको वर्तमान अवस्था कति प्रतिशतमा रहेको छ उल्लेख गरी ७ (सात) दिनभित्र यस शिक्षा शाखामा उपलब्ध गराइदिनु हुन यस नगरपालिकाको मिति २०७९।२।१६ को निर्णय अनुसार अनुरोध छ ।

<u>सूचकको अवस्था</u>

| क्र.सं. | सूचक | विद्यमान अवस्था (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १ | ५ वर्षमुनिका सबै बालबालिकाको जन्मदर्ता भएको हनेछ । | | |
| २ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | |
| ३ | कुलतमा लागेका बालबालिकाको बालबालिकाको बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | | |
| ४ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सत प्रतिशत रहेको हनेछ । | | |
| ५ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (कक्षा १- ८ सम्म) पुरा गरेको हुनेछन् । | | |
| ६ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हनेछ । | | |
| ७ | सबै विद्यलयका पूर्वाधार (कक्षाकोठा, फनिर्चर, खेलमैदान, खानेपानीधारा) बालमैत्री अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | | |
| ८ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | | |
| ९ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् । | | |
| १० | स्थानीय तहका बस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भै क्रियाशील (न्युनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन | | |

क्रमशः :

कर्ण बहादुर भुवाजी
अधिकृत दशौं

# चन्द्रागिरि नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.:..................
च.नं....................

फोन नं. ०१-४३१५७६६
मिति २०७३/०२/१८


| | | | |
|---|---|---|---|
| ११ | ५ कक्षा भन्दा माथिअध्ययनअध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधत्व रहनेछ । | | |
| १२ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समिति हररुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | |
| १३ | बाल भेला बाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् | | |
| १४ | प्रारम्भिक बालविकास केन्द्रकहरुले स्थानीय तहले तोकेको न्युनतम मापदण्ड पुरा गरेका हुनेछन् । | | |
| १५ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरित्त कक्षा सञ्चालन गरेका हुनेछन् । | | |
| १६ | आधारभुत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यावसायिकतथा सीपमूलकतालिम) प्राप्त गरेका हुनेछन् । | | |
| १७ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्षा वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ । | | |
| १८ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्युनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गता मैत्री हुनेछन् । | | |
| १९ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | |

**<u>वोधार्थ</u>**

श्री वडा कार्यालयहरु सबै, चन्द्रागिरि नगरपालिकाः सहजीकरणका लागि अनुरोध ।

श्री सामाजिक विकास शाखा, चन्द्रागिरि नगरपालिकाः सहजीकरणका लागि अनुरोध ।

कर्ण बहादुर भुवाजी
अधिकृत दशौं